उमाकुण्ड गाउँपालिकाको आयोजनामा मिति २०७६ असार ४ गते आ.व. ०७६/०७७ को वार्षिक निति तथा कार्यक्रम र योजना तर्जुमा सम्बन्धि सुझाव संकलन तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। गाउँपालिकाका अध्यक्ष शेर बहादुर सुनुवारको अध्यक्षतामा भएको उक्त कार्यक्रममा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत ईश्वरी प्रसाद सुवेदीले स्वागत सहित कार्यक्रमको औचित्य माथी प्रकास पार्नु भएको थियो ।

कार्यक्रममा सातै वडाका तर्फबाट वडाअध्यक्षहरु र विषयगत शाखाका प्रमुखहरुबाट चालु आ.व. ०७५/०७६ को वजेट कार्यन्वयनको संक्षिप्त समिक्षा सहितको भनाई राख्नु भएको थियो भने नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र नेपाली काँग्रेसका प्रतिनिधि युवा तथा बुद्धिजिवी शिक्षक सरकारी गैर सरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुले समृद्ध उमाकुण्ड र सुखी उमाकुण्डबासीको लागी सुझाव प्रस्तुत गर्नु भएको थियो । कार्यक्रम मा उपाध्यक्ष उर्मिला कार्की बस्नेतले जनप्रतिनिको मात्र इच्छा,चाहाना र योजनाले मात्र विकास सम्भव नहुने भन्दै यसमा सबैको साथ हुनु पर्ने धारण राख्नु भयो ।

कार्यक्रममा समापन मन्तव्य राख्नुहुदै उमाकुण्ड गाउँपालिका अध्यक्ष शेर बहादुर सुनुवारले कार्यक्रमा सहभागी भई सुन्दर समृद्ध र विकशित उमाकुण्डको लागी सल्लाह सुझाव दिनुहुने सबैलाई धन्यवाद दिनुहुदै सबै क्षेत्रबाट आएको सुझावलाई बार्षिक निति तथा कार्यक्रममा र बजेटमा समाबेश गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
३ नम्बर प्रदेश, नेपाल

शेर बहादुर सुनुवार
(गाउँपालिका अध्यक्ष)